निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको कनिष्ठ सहायक पदमा रहि जिम्मेवारी सम्हाल्न सक्ने योग्य व्यक्तिहरु खुल्ला प्रतियोगिताको माध्यमबाट चयन गर्न सकियोस भन्ने अभिप्रायले निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको पदपूर्ति समितिको मिति २०७६/०७/०२ गतेको बैठक नं. ११७ ले यस संस्थाको कर्मचारी सेवा विनियमावली, २०७४ विनियम १४ उपविनियम १ को अधिकार प्रयोग गरी देहाय बमोजिमको पाठ्यक्रम स्वीकृत गरी लागू गरिएको छ ।

स्तर: सहायक श्रेणी
पद: कनिष्ठ सहायक
प्रतियोगिता: खुल्ला

## प्रथम पत्र
## बिषय: ग्रामीण अर्थतन्त्र र गरिबी निवारण
## समय: २ घण्टा

बिषगत प्रश्नोत्तर (६ वटा मध्ये ५ वटा प्रश्नको समाधान गर्नु पर्ने) (२०*५=१००)

१. नेपालको भौगोलिक, सामाजिक, आर्थिक स्थिती ।
२. ग्रामीण अर्थतन्त्रको संरचना, विशेषता, आधुनिकीकरणका सन्दर्भमा लिइएका नीतिहरु, समस्या र समाधानका उपायहरु ।
३. लघुवित्तको परिभाषा, नेपालमा लघुवित्त सेवाको औचित्य, प्रभावकारिता, चुनौती, समाधानका उपायहरु ।
४. लघुवित्त सेवा उपलब्ध गराउन नेपाल सरकार, नेपाल राष्ट्र बैंक, वाणिज्य बैंकहरु, विकास बैंकहरु, लघुवित्त संस्थाहरु, गैर सरकारी संस्थाहरुको भूमिका, योगदान, प्रभावकारिता, समस्या र समाधानका उपायहरु ।
५. गरिबी निवारण सम्बन्धी नेपाल सरकारको रणनीति, कार्यान्वयन, प्रभावकारिता, समस्या र समाधानका उपायहरु ।
६. देशको आर्थिक विकास, गरिबी निवारण, ग्रामीण विकास, महिला उत्थान र सशक्तिकरणमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाको कार्यक्रमको प्रभाव, कार्य संचालन प्रक्रिया, सबल पक्ष, कमजोरी पक्षहरु तथा समाधानका उपायहरु ।

## द्वितीय पत्र:
## बिषय: गणित, लेखा, व्यवस्थापन, सञ्चार तथा कानून
## समय: २ घण्टा

१. ऐकिक नियम, प्रतिशत, भिन्न, समिकरण, साधारण व्याज, अनुपात, समानुपात, बजेट । (१०*२=२०)
२. दोहोरो लेखा प्रणाली सम्बन्धी जानकारी: गोश्वारा भौचर, वासलात, नाफा नोक्सान हिसाव, कम्प्युटरकृत सूचना प्रणाली । (१०*२=२०)
३. व्यवस्थापनका सिद्धान्त, ग्राहक सम्बन्ध, उत्प्रेरणा, सञ्चार, निर्धन उत्थान संस्थाबाट प्रवाह हुने सेवा, कार्यालय कार्यविधि: टिप्पणी, पत्राचार फाईलिङ्ग । (१५*१+१०*१=२५)
४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरुलाई जारी गरेको निर्देशन २०७५, मौद्रिक नीति, बैंकिङ्ग तथा लघुवित्त सम्बन्धी नीति । (१०*२=२०)
५. सामान्य ज्ञान वस्तुगत: नेपाल तथा समसामायिक विश्व घटना बारे सामान्य जानकारी । (१५*१=१५)